कार्यपालिका बैठक संख्या- ९

मितिः- २०८२।१०।२६

निर्णयहरु

निर्णय नं. १- मिति २०८२।०९।२८ गतेको बैठक नं. ८ का निर्णय तथा सोको कार्यान्वयन सम्बन्धमा आवश्यक छलफल तथा समिक्षा गरियो।

निर्णय नं. २- समपूरक अनुदान सम्बन्धी कार्यविधि (पहिलो संशोधन समेत), २०८१ को दफा ३ बमोजिमको क्षेत्र र सीमामा रही सोही कार्यविधिको दफा ४ बमोजिम आगामी आ.व. २०८३/०८४ का लागि संघीय समपूरक अनुदानबाट कार्यान्वयन गर्ने गरी देहाय बमोजिमका योजना माग गर्ने निर्णय गरियो।

देहायः-

१. नेवलागंज देखि जवाबैराठ प्रगन्ना टोल सम्म सडक स्तरोन्नती तथा कालोपत्रे (क्रमागत)
२. गेडुवाजोत, दत्तपुर, परसोहिया हुँदै पत्थरदेइया सुरई पुल सम्म सडक स्तरोन्नती तथा कालोपत्रे (नयाँ)
३. त्रिपालनगर, ज्योतनगर, भू.पु. बस्ती रिङ्गरोड स्तरोन्नती तथा कालोपत्रे (नयाँ)

निर्णय नं. ३- विशेष अनुदान सम्बन्धी कार्यविधि (पहिलो संशोधन समेत), २०८१ को दफा ३ बमोजिमको क्षेत्र र सीमामा रही सोही कार्यविधिको दफा ४ बमोजिम आगामी आ.व. २०८३/०८४ का लागि संघीय विशेष अनुदानबाट कार्यान्वयन गर्ने गरी देहाय बमोजिमका योजना माग गर्ने निर्णय गरियो।

देहायः-

१. शैक्षिक पहुँच वृद्धिका लागि आधुनिक शिक्षण सिकाई प्रकृयामा समावेशी पूर्वाधार विस्तार (क्रमागत)

निर्णय नं. ४- विभिन्न कारणबाट विद्यालय छाडेका वा हालसम्म विद्यालयमा पाइला नटेकेका विद्यालय उमेर समूहका बालबालिकालाई यथासक्य छिटो विद्यालयको पहुँचमा ल्याउन गाउँ शिक्षा समिति, सम्बन्धित वडा समिति, सेवा क्षेत्र अन्तर्गतका विद्यालय तथा अन्य सरोकारवाला समेतलाई जिम्मेवार बनाउन आवश्यक पहल गर्ने निर्णय गरियो।

तपसिलः-

क्र.सं.	वडा नं.	विद्यालय वाहिर रहेका विद्यार्थी संख्या	कैफियत
१	१	२६	
२	२	१९	
३	३	३७	
४	४	१८	
५	५	३१	
६	६	३१	
७	७	४२	
जम्मा		२०४	

निर्णय नं. ५- यस गाउँपालिकाको दैनिक खर्चलाई मितव्ययी, पारदर्शी एवं व्यवस्थित गर्न तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो।

देहायः

१. विजयनगर गाउँपालिकाको संचार खर्च सम्बन्धी मापदण्ड, २०८२
२. विजयनगर गाउँपालिकाको इन्धन खर्च सम्बन्धी मापदण्ड, २०८२

२०८२।१०।२६

हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

नेपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

कार्यपालिका बैठक संख्या- ९

मितिः- २०८२।१०।२६

निर्णय नं. ६- यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई कामप्रति थप उत्प्रेरित गर्न कार्यालयमा हाजिर भई कामकाज गरेको आधारमा दैनिक रु. ७०।– (अक्षरेपि सत्तरी मात्र) का दरले खाजा खर्च वापतको रकम मिति २०८२ श्रावण १ गते देखि सम्बन्धित कर्मचारीको बैंक खाता मार्फत उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ७- सडक बोर्ड, नेपालबाट चालु आ.व. २०८२/०८३ का लागि विनियोजित रकममा नियमानुसार गाउँपालिकाबाट साझेदारी गरी यस गाउँपालिका अन्तर्गतका सडकहरु मध्ये प्राथमिकताका आधारमा तत्काल मर्मत सम्भार गर्नुपर्ने देखिएको देहायका सडक मर्मत सम्भार गर्ने निर्णय गरियो।

देहायः-

१. RTO जुडनिया हुलाक सडक र २ नं. वडा कार्यालय जाने सडकको विभिन्न स्थानमा मर्मत सम्भार

निर्णय नं. ८- चालु आ.व. २०८२/०८३ का लागि **स्वीकृत ज्येष्ठ नागरिक सम्मान** कार्यक्रम अन्तर्गत खरिद भएका २८० थान सामग्री मध्ये ८१ वर्ष माथिका ज्येष्ठ नागरिकलाई सम्मान गरे पश्चात बचत हुन आएका ११ थान सामग्रीबाट विजयनगर गाउँपालिका स्तरीय ज्येष्ठ नागरिक सञ्जालका पदाधिकारीहरुलाई सम्मान गर्ने निर्णय गरियो।

निर्णय नं. ९- निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

तपसिलः-

क्र.सं.	व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम	ठेगाना	प्रयोजन	रकम	भुक्तानिको श्रोत
१	श्री शिव मन्दिर समिति	विजयनगर-७, ढोढरी	शिव मन्दिरमा मूर्ती खरिद तथा प्राण प्रतिष्ठा कार्यक्रम	रु. ५०,०००।– (पचास हजार रुपैयाँ मात्र)	चाड पर्व, मेला महोत्सव तथा संस्कृति संरक्षण
२	भगिरामपूर टोल विकास संस्था	विजयनगर-१, भगिरामपुर	गौरीघाट लोक सांस्कृतिक एवं पर्यटन मेला संचालन तथा व्यवस्थापन	रु. ३,००,०००।– (तीन लाख रुपैयाँ मात्र)	
३	श्री देवीशक्ति भजन समूह	विजयनगर-६, प्रेमनगर	महाशिवरात्रीमा अखण्ड कृतन, पुजापाठ तथा प्रसाद वितरण कार्यक्रम	रु. २०,०००।– (बिस हजार रुपैयाँ मात्र)	
४	श्री कोटेश्वरी क्लव कपिलवस्तु	विजयनगर-३, महदेइया	क्रिकेट खेलकुद आयोजना बापतको अपुग रकम	रु. ६०,०००।– (साठी हजार रुपैयाँ मात्र)	खेलकुद सहयोग कार्यक्रम
५	मौलिक लोक सांस्कृतिक झ्याउरे समूह	विजयनगर-१, भगिरामपुर	विविध खेलकुद प्रतियोगिता संचालन तथा व्यवस्थापन	रु. १,००,०००।– (एक लाख रुपैयाँ मात्र)	
६	रोजिना खन्गाहा	विजयनगर-१, भगिरामपुर	बावुको औषधोपचार खर्च सहयोग	रु. ३०,०००।– (तीस हजार रुपैयाँ मात्र)	मागमा आधारित सहयोग कार्यक्रम

२०८२।१०।२६

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ उपदफा-२ को (ज) बमोजिम कार्यपालिका बैठक नं. ९ को निर्णय प्रमाणित गर्दछु

हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

विजयनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुरुहरिया, कपिलवस्तु

[illegible] नगर
[illegible]
विजयनगर गाउँपालिका